दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा–१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर: ९८०१८२७९५०**

वर्ष ३८ | अंक १४८ | बुटवल | २०८३ जेठ १४ गते, बिहीबार | नेपाल संवत ११४६ | Thursday May 28, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

मानवअधिकार आयोगको प्रतिवेदन :

# क–कसलाई कारबाही ? क–कसलाई अनुसन्धान सिफारिस ?

**आयोगले ओली, लेखक र गुरुङ, दानबहादुरलगायतलाई कारबाही तथा रवि, सुशीला, सुदन, गौरीबहादुर, सुलभसहित रास्वपाका १५ सांसद, टिओबी ग्रुपलगायतमाथि अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



राष्ट्रिय मानवअधिकार आयोगले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली, पूर्व गृहमन्त्री रमेश लेखक र पूर्वसूचना तथा सञ्चार मन्त्री पृथ्वी सुब्बा गुरुङले मानवअधिकार उल्लंघन गरेको ठहर गरेको छ।

आयोगकी सदस्य लिली थापाको संयोजकत्वमा भदौ २३ र २४ को घटनामा मानवअधिकार उल्लंघनका विषयमा अनुसन्धान गर्न गठित समितिको प्रतिवेदनका आधारमा आयोगले त्यसबेला सरकारको नेतृत्वमा रहेका ओली, लेखक र गुरुङलाई मानवअधिकार उल्लंघनकर्ताका रुपमा किटान गरको हो। तीनै जनालाई राजनीतिक नियुक्ती वा निर्वाचन हुने जुनसुकै पदमा कम्तिमा ५ वर्षसम्मका लागि उम्मेदवार हुन नमिल्ने व्यवस्था गर्न पनि आयोगको सिफारिस छ।

प्रशासनिक जिम्मेवारीमा कम्तिमा ३ वर्षसम्मका लागि बन्देज लगाउन, विदेश भ्रमणमा जान कम्तिमा ३ वर्षसम्म प्रतिबन्द लगाउन पनि आयोगको सिफारिस छ।

यस्तै राष्ट्रिय मानवअधिकार आयोगले जेनजी आन्दोलनकाक्रममा कारगारबाट कैदीबन्दी बाहिर पठाउने कार्यमा राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेको संलग्नता रहेको किटान गर्दै उनलाई शंकाको दायरामा राखी सुक्ष्म अनुसन्धान सिफारिस गरेको छ। आयोगले जेनजी आन्दोलनका क्रममा कारगारबाट कैदीबन्दी बाहिर पठाउने कार्यमा लामिछानेको प्रत्यक्ष संलग्नता रहेको किटान गर्दै यस्तो कार्य फौजदारी अभियोग (अपराध)भएको उल्लेख गरेको छ।

आयोगले गरेको छानिबन प्रतिवेदनमा यो लामिछानेसहित नख्खु कारागार प्रशासन सत्यराज जोशी र रास्वपाकै सांसदहरू मनिष झा र हरि ढकाललाई पनि अनुसन्धानमा ल्याउन सिफारिस गरेको छ।

'कारागार र बाल सुधार गृहमा रहेका कैदीबन्दीलाई कारागार बाहिर पठाउन सहयोग गरी माथि उल्लेख गरेबमोजिम आम नेपाली नागरिकहरुको मानवअधिकार उल्लंघन हुने कार्यमा रवि लामिछाने र नख्खु कारागार प्रशासक सत्यराज जोशीको पनि संलग्नता रहेको देखिन्छ।'– प्रतिवेदनमा छ। जेलर सत्यराज जोशी र रवि लामिछानेलाई सोधपुछ गर्दा उनीहरूको बयान बाँझिएको पनि प्रतिवेदनले उल्लेख गरेको छ।

जेलरले रवि लामिछानेका सहयोगी र समर्थकको डर, त्रास र धम्कीपूर्ण दबाबमा परेर लामिछानेलाई छोड्ने पत्रमा सहीछाप गरेको बयान दिएका थिए। तर, रवि लामिछानेले भने जेलरले नै आफूलाई 'तपाईं बाहिर गए जेल सुरक्षित हुन्छ' भनेर छोडेको बयान दिएका थिए।

यस्तै राष्ट्रिय मानवअधिकार आयोगले पूर्वप्रधानमन्त्री सुशीला कार्कीदेखि पूर्व गृहमन्त्री सुधन गुरुङसम्ममाथि थप अनुसन्धान गर्न सिफारिस गरेको छ।

२३ र २४ भदौको आन्दोलनमा मानवअधिकार उल्लंघनबारे छानबिन गर्न आयोग सदस्य डा. लिली थापाको संयोजकत्वमा बनेको समितिले दिएको सिफारिसका आधारमा २३ र २४ भदौको आन्दोलनका क्रममा भएको भौतिक र मानवीय क्षतिमा उनीहरुको संलग्नता भएको नभएकोबारे उनीहरुमाथि थप अनुसन्धान गर्न सिफारिस गरको हो।

'भाद्र २३ र २४ गतेको घटनामा भएको मानवीय र भौतिक क्षति समेतका कार्यमा निजहरुको संलग्नता रहे नरहेको, निजहरुको अभिव्यक्तिबाट समेत प्रदर्शनकारीहरु आक्रोशित र उत्तेजित भई कुनै असर र प्रभाव परे नपरेको सार्वजनिक शान्ति र सुव्यवस्थामा खलल पुग्ने काम निजहरुबाट भए नभएको वा सोको दुरुत्साहन भए नभएको सम्बन्धमा सुक्ष्म अनुसन्धान गरी सम्बन्धित व्यक्ति तथा आम नागरिकलाई सुसूचित गराई उल्लिखित व्यक्तिहरुको स्वच्छ सुनुवाइको हक अधिकारको सुनिश्चततासहित अनुसन्धान गरी दोषी देखिए कारबाही गर्न' सिफारिस गर्ने निर्णय आयोगले गरेको हो।

आयोगले आफ्नो सिफारिस बुधबार प्रधानमन्त्री कार्यालयमा पठाइसकेको छ। शान्तिपूर्ण प्रदर्शन गर्ने भनी अनुमति लिएकोमा प्रदर्शन हिंसात्मक हुँदै जाँदा घुसपैठ रोक्न तथा प्रदर्शनलाई हिंसात्मक हुन नदिन आवश्यक कार्य नगरेको भन्दै आयोगले आयोजकका रुपमा रहेका पुरुषोत्तम यादव, सबल गौतम, अंकित मल्ल, खेमराज साउद तथा हामी नेपाल संस्थाका अध्यक्ष सुधन गुरुङ्ग समेतलाई थप अनुसन्धान गर्न पनि सिफारिस गरेको छ।

त्यस्तै, विभिन्न अभियान्ता, आह्वानकर्ता तथा समर्थकहरुले दिएका अभिव्यक्ति वा उनीहरुको दुरुत्साहनका कारण आन्दोलन हिंसात्मक बनी मानवीय र भौतिक क्षति भएको नभएकोबारे अनुसन्धान गर्न र दोषी देखिए कारबाही गर्न आयोगले विभिन्न मानिसहरुको नाम सिफारिस गरेको छ। त्यसरी अनुसन्धान र कारबाही सिफारिस गरिएकामा गौरीबहादुर कार्की, गणेश कार्की, सुलभ खरेल, बब्लु गुप्ता, रक्षा बम, कृष्ण कार्की, डा. तोषिमा कार्की, राजिव खत्री, शोम शर्मा, केपी खनाल, दिपक बोहरा, मनिष झा, ज्वाला संग्रौला, हेमराज थापा, विमल पन्त, खेमराज साउद, पुरुषोत्तम यादव, हामी नेपाल संस्थाका अध्यक्ष सुधन गुरुङ, अमनप्रताप अधिकारी, विवेक थपलिया, सिसन बानियाँ, आशिका तामाङ्ग, असिममान बस्नेत, भाग्य न्यौपाने, टंक दाहाल, भिक्टर पौडेल, अंकित मल्ल, उमेश बोहरा, शिव यादव, विनोद देउवा, सरु सुनुवार, भीम उपाध्याय, रवि किरण हमाल, हरि ढकाल, निश्चल बस्नेत, सुशीला कार्की, ओमप्रकाश अर्याल, गारीबहादुर कार्की, पशुपति खड्का, दुर्गा प्रसाईं, उर्जा बराल, जेरी ताम्राकार, हेमसागर विद्रोही, बुद्ध छिरिङ्ग, सन्तोष राजावादी, अमित खनाल, दिपक देवकोटा, गौरब बराल, हिमानी राज्य लक्ष्मी सिंह, निशान मैनालीसहित छन्।

उनीहरुले प्रदर्शन पूर्व, प्रदर्शनका दौरान र प्रदर्शनपश्चात् जेनजी प्रदर्शनका सम्बन्धमा अभिव्यक्ति दिएको भन्ने निजहरुको सामाजिक सञ्जाल, प्रकाशित समाचार र राष्ट्रिय अनुसन्धान विभागले निजहरू प्रदर्शनमा सहभागिता हुन सक्ने भनी संकलन गरेको प्रतिवेदनसमेतका आधारमा उल्लेख भएको आयोगले स्पष्ट गरेको छ।

यस्तै राष्ट्रिय मानवअधिकार आयोगले जेनजी आन्दोलनमा त्रुटिपूर्ण काम गरेको भन्दै नेपाल प्रहरीका आइजी दानबहादुर कार्की र सशस्त्रका आईजी नारायणप्रसाद पौडेललाई कारबाही सिफारिस गरेको छ।

उनीहरू सो घटनाको समयमा एआइजी दर्जामा कार्यरत थिए। उनीहरूसँगै उपत्यका प्रहरीका डीआइजी ओमबहादुर राना, एसएसपी विश्व अधिकारी, सशस्त्रका तत्कालीन एसपी जीवन केसी, राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन निर्देशक कृष्ण खनाल, काठमाडौंका तत्कालीन प्रमुख जिल्ला अधिकारी छविलाल रिजाललाई पनि कारबाही सिफारिस गरिएको छ।

प्रतिवेदनमा भनिएको छ–'भाद्र २३ गते बानेश्ववर र संसद भवन क्षेत्रमा फिल्डमा खटिएका नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा राष्ट्रिय अनुसन्धान विभागका फिल्ड कमाण्डरहरूलाई मानवअधिकार उल्लंघन गरेकोमा नेपालको संविधानको धारा २४९ (२) को (ङ) बमोजिम प्रकृया पुऱ्याई विभागीय कारबाही गरी सो को जानकारी राष्ट्रिय मानवअधिकार आयोग ऐन २०६८ को दफा १७(२) बमोजिम यस आयोगलाई दिनू।'

यस्तै राष्ट्रिय मानवअधिकार आयोगले जेनजी आन्दोलनमा भिडलाई उक्साएर सुरक्षा फौजमाथि हिंसात्मक व्यवहार गर्न उक्साएको भन्दै 'टीओबी' समूहलगायतका व्यक्तिमाथि अनुसन्धान गरी कारबाही गर्न सिफारिस गरेको छ।

» *बाँकी ३ पेजमा*

## सरकार लोकतान्त्रिक व्यवस्थामाथि नै प्रहार गर्न उद्यत : कांग्रेस



बुटवल। नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले सरकार जनअपेक्षाअनुसार अवस्था परिवर्तन गर्ने आफ्नो मूल कर्तव्यबाट विचलित भएको आरोप लगाएका छन्। नेपाल प्रेस युनियनको स्थापना दिवसको अवसरमा आयोजित कार्यक्रममा बोल्दै उनले यस्तो आरोप लगाएका हुन्।

उनले सरकार लोकतान्त्रिक व्यवस्थामाथि नै प्रहार गर्न उद्यत रहेको आरोप लगाए। प्रवक्ता चालिसेले संसदीय प्रणालीभित्रै बसेर सरकारले यसको मर्मविपरीत काम गरिरहेको टिप्पणी गरे।

नेपालको भू-राजनीति र जनसांख्यिक अवस्थितिलाई दृष्टिगत गर्दै संसदीय शासन प्रणाली रोजिएको स्मरण गराउँदै उनले अहिले सरकारबाटै यस प्रणालीमाथि अदृश्य रूपमा आक्रमण भइरहेको दाबी गरे।

उनले अध्यादेश जारी गर्ने शैली, अदालतका प्रसंग, नागरिक अधिकार, प्रेस स्वतन्त्रता र संघीयताको कार्यान्वयनमा देखिएका कमजोरीलाई संसदीय लोकतन्त्रमाथिको चुनौती भएको बताए।

प्रवक्ता चालिसेले सञ्चारकर्मीहरूलाई सत्यको पक्षमा अविचलित भएर उभिन आग्रह गरे। सन् १९५३ मा अमेरिकामा रंगभेदविरुद्ध रोजा पार्क्सले गरेको सानो विद्रोहले नागरिक अधिकार प्राप्तिमा ल्याएको ठूलो परिवर्तनको उदाहरण दिँदै उनले पत्रकारको कलमले नै स्वतन्त्रताको रक्षा गर्ने विश्वास व्यक्त गरे। उनले भने–'अहिलेको सरकार अवस्था परिवर्तनका लागि म्यान्डेट पाएको हो, तर सरकार आफ्नो कर्तव्य भुलेर प्रणालीमाथि नै प्रहार गरिरहेको छ। झुटले लेखिएको इतिहास मेटिन सक्छ, तर सत्यको आवाज सधैँ अमर रहन्छ। कुनै पनि तानाशाह वा शक्तिले स्वतन्त्रतालाई पराजित गर्न सक्दैन। कांग्रेसले चुनाव हार्न सक्छ तर देशले जित्नुपर्छ भन्ने हाम्रो मान्यता हो। निर्वाचन आउँछन् जान्छन्, तर लोकतन्त्र र स्वतन्त्रता स्थायी हुन्।'

## निजी अस्पतालमा स्वास्थ्य बिमा सेवा स्थगित हुँदै




बुटवल। सरकारको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाहरूबाट प्रदान गरिँदै आएको स्वास्थ्य बिमा सेवा आगामी जेठ १६ गतेदेखि स्थगित हुने भएको छ।

स्वास्थ्य बिमा बोर्डले बढ्दो वित्तीय सङ्कटलाई मुख्य कारण देखाउँदै निजी क्षेत्रका स्वास्थ्य संस्थाबाट उपलब्ध गराइने आकस्मिक बाहेकका अन्य सबै सेवाहरू बन्द गर्ने निर्णय गरेको हो।

बोर्डको जेठ ११ गते बसेको बैठकले निर्णय गरेको हो। बोर्डका निमित्त कार्यकारी निर्देशक सकुन्तला प्रजापतिका अनुसार अर्को निर्णय नभएसम्मका लागि यो व्यवस्था लागू रहनेछ।

बोर्डले निजी अस्पतालहरूलाई जारी गरेको पत्रमा स्वास्थ्य बिमा बोर्डको बढ्दो वित्तीय सङ्कटलाई मध्यनजर गर्दै यो कदम चालिएको उल्लेख छ। पछिल्लो समय बीमा कार्यक्रमअन्तर्गत अस्पतालहरूलाई भुक्तानी गर्नुपर्ने रकमको दायित्व बढ्दै गएको र कोषमा पर्याप्त रकम अभाव हुँदै गएका कारण बोर्डले निजी क्षेत्रसँगको सहकार्यमा केही समयका लागि रोक लगाएको बोर्डले जनाएको छ।

यो निर्णयसँगै जेठ १६ गतेदेखि नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध भएका देशभरका निजी अस्पताल, मेडिकल कलेज तथा नर्सिङ होमहरूमा बिमा कार्ड प्रयोग गरेर गराइने ओपीडीलगायतका नियमित उपचार सेवाहरू बन्द हुनेछन्। यद्यपि आकस्मिक सेवा भने निजी अस्पतालमा पनि बिमाअन्तर्गत नै सुचारु रहनेछन्।

सरकारी अस्पतालहरूमा भने स्वास्थ्य बिमाअन्तर्गतका सबै सेवाहरू साविक बमोजिम नै सञ्चालन हुनेछन्। निजीमा सेवा बन्द भएसँगै सरकारी अस्पतालहरूमा बिरामीको चाप थप बढ्ने निश्चित देखिएको छ।

**गाउँवासीहरुमा हार्दिक अनुरोध**

**गर्मी तथा वर्षायामको समयमा सचेत रहौं**

**गर्मी समयमा विभिन्न जातका किरा, फटयाग्रा तथा बिषालु सर्पहरू घर, आँगन, कोठा तथा घरवरिपरी देखिने र टोक्ने डस्ने भएकोले सचेत हुँदै सुरक्षीत रहन निम्न कुराहरूमा ध्यान दिउँ घर कोठा, आगन वरिपरि नियमित सरसफाइ गरी झारपात र झाडी हटाऔं।**

- आफू सुत्ने विस्तारा सधै टक्टक्याउने, सफा गर्ने र झुल लगाएर सुत्ने गरी।
- घर अगाडिको बाटो, पानी जम्ने खाल्डाखुल्डी, किरा फट्यांग्रा पस्ने निस्कने प्वालहरू पुरौ वा बन्द गरौं।
- अध्याँरोमा नहिडौं। अतिआवश्यक परे ट्रच लाइट बालेर हिडौं।
- खेत आलिको घासपात गर्दा अघि पछि हेरेर होसियार पूर्वक गरी।
- बालबालिकालाई खेल्ने आँगन मैदान सुरक्षित छ छैन, निरीक्षण गरी हिलो र पानी तथा झारपात भएको स्थानमा खेल्न नपठाओं।
- किरा फट्याया तथा सर्पले टोकेको शंका लागे वा टोकेको अवस्थामा ढिला नगरी तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं। घरायसी झारफुक, धामी झाँक्रीको अन्धविश्वासमा नपरी।

**पाल्हीनन्दन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपरासी (बसुप)**

## सम्पादकीय

# स्वतन्त्र प्रेसमाथिको हस्तक्षेप बन्द गर

# दुई दिन साप्ताहिक बिदाः शिक्षा र स्वास्थ्य क्षेत्रमा नेपालले सोंच्नुपर्ने प्रश्न !



ईन्द्रप्रसाद भुसाल



नेपाल सरकारले २०८२ साल चैत्र २३ गते पेट्रोलियम पदार्थको बढ्दो खपत घटाउने, प्रशासनिक खर्च नियन्त्रण गर्ने तथा ऊर्जा बचत गर्ने उद्देश्यसहित शनिबारसँगै आइतबार पनि सार्वजनिक बिदा दिने निर्णय गरेपछि देशमा व्यापक बहस सुरु भयो । प्रारम्भमा यो व्यवस्था सरकारी कार्यालयमा लागू गरिए पनि त्यसको प्रभाव शिक्षा, स्वास्थ्य, यातायात, बैंकिङ तथा निजी क्षेत्रमा समेत देखिन थाल्यो । विशेषतः शिक्षा र स्वास्थ्यजस्ता संवेदनशील क्षेत्रमा दुई दिने साप्ताहिक बिदा नेपालका लागि कत्तिको व्यवहारिक र सान्दर्भिक छ भन्ने प्रश्न अहिले पनि उत्तिकै गम्भीर रूपमा उठिरहेको छ । नेपाल सरकारको नयाँ निर्णयअनुसार २०८३ सालमा आइतबार पनि साप्ताहिक बिदा थपिएमा नेपालमा वर्षभरि शनिबार ५२ वटा र आइतबार पनि ५२ वटा गरी १०४ दिन बिदा हुनेछ । नेपाल राजपत्र (गृह मन्त्रालय) ले फागुनमा सार्वजनिक गरेको ३७ दिन सार्वजनिक बिदा थप गर्दा जम्मा १४१ दिन बिदा हुने देखिन्छ । यसमा अन्य स्थानीय बिदा, गर्मी बिदा तथा जाडो बिदा थप गर्न अझ बाँकी छ । भारत (२१ दिन) पाकिस्तान (२० दिन) बङ्गलादेश (२८ दिन) र चीन (१३ दिन) सँग तुलना गर्ने हो भने नेपालको ३७ दिन सार्वजनिक बिदा अत्याधिक हो ।

विकसित देशहरूको अभ्यास हेरेर नेपालले पनि सोही मोडेल अपनाउने प्रयास गरेको देखिए पनि हाम्रा सामाजिक, आर्थिक, शैक्षिक तथा स्वास्थ्य संरचनाहरू विकसित मुलुकसँग तुलना गर्न मिल्ने अवस्थामा छैनन् । कुनै पनि नीति केवल अनुकरणकै आधारमा सफल हुँदैन । त्यसका लागि देशको अवस्था, उत्पादनशीलता, पूर्वाधार, नागरिकको पहुँच र संस्थागत क्षमता समेतले निर्धारण गर्ने गर्दछ । युरोपियन तथा अमेरिकन देशहरूमा शनिबार-आइतबार दुई दिने साप्ताहिक बिदा लामो समयदेखि स्थापित अभ्यास हो । फिनल्यान्ड, नर्वे, जर्मनी फ्रान्स, क्यानडा, अमेरिका जस्ता देशहरूमा नागरिकको कार्यघण्टा तुलनात्मक रूपमा कम भए पनि उत्पादनशीलता तथा उत्पादकत्व अत्यन्त उच्च छ । विकसित देशहरुमा कामको मूल्य समयले भन्दा पनि प्रविधि, गुणस्तर र उत्पादकत्वले मापन गर्दछ ।

विकसित देशहरूमा शिक्षा प्रणाली अत्यन्त व्यवस्थित छ । विद्यालय र विश्वविद्यालयहरूमा पर्याप्त प्रयोगशाला, पुस्तकालय, अनुसन्धान केन्द्र, डिजिटल स्रोत तथा अनलाइन सिकाइ प्लेटफर्मलगायत कोर्स पनि सोहीअनुसार उपलब्ध छन् । विद्यार्थीले सिकाइका अधिकांश कुरा विद्यालयमै सिक्ने गर्दछन् र कुनै कारण विद्यालय बन्द हुँदा पनि घरबाट निरन्तर विद्युतीय अध्ययन गर्न सक्छन् । शिक्षक-विद्यार्थी अन्तरक्रिया कक्षाकोठाभन्दा बाहिर पनि सम्भव रहन्छ । अमेरिकन र युरोपियन विश्वविद्यालयहरूमा सप्ताहान्त बिदा भए पनि अनुसन्धान, प्रयोगशाला, पुस्तकालय तथा अस्पताल सेवा भने सातै दिन सञ्चालन भइरहेका हुन्छन् । त्यहाँ स्वास्थ्य प्रणाली बलियो भएकाले बिरामीले उपचार नपाउने अवस्था प्रायः हुँदैन । सामाजिक सुरक्षा प्रणाली सुदृढ भएकाले नागरिकले उपचार खर्चका कारण घरबार गुमाउनुपर्ने स्थिति पनि हुँदैन ।

तर एशियाली देशहरूको अभ्यास भने केही फरक छ । जापान, दक्षिण कोरिया, सिङ्गापुर चीन तथा थाइल्यान्ड जस्ता देशहरूले आर्थिक विकासको आधार नै अनुशासन, श्रम र लामो अध्ययन संस्कृतिलाई बनाएका छन् । थाइल्यान्डमा औसत दैनिक शिक्षण समय करिब ९.५ घण्टा पुग्ने अध्ययनहरूमा उल्लेख गरिएको छ । चीन र दक्षिण कोरियामा विद्यार्थीहरूले अतिरिक्त अध्ययन, परियोजना कार्य तथा सप्ताहान्त प्रशिक्षणलाई समेत नियमित प्रक्रियाका रूपमा लिन्छन् । भारतमा समेत धेरै निजी विद्यालय, कलेज र कोचिङ संस्थाहरू शनिबार सञ्चालन हुन्छन् । प्रतिस्पर्धात्मक परीक्षा, प्राविधिक शिक्षा तथा विश्वविद्यालयीय अध्ययनका कारण त्यहाँ अतिरिक्त अध्ययन को परिपाटिले ठूलो स्थान ओगटेको छ ।

कक्षा ११ र १२ को NEB पाठ्यक्रम भार धेरै छ । भौतिकशास्त्र, रसायन, जीवविज्ञान, लेखाशास्त्र , अर्थशास्त्र प्रत्येकमा ५ क्रेडिट घण्टा चाहिन्छ । दुई दिन बिदाले वार्षिक कक्षा घण्टा झन्डै ४०-५० घण्टाले घट्छ । कक्षा ११ र १२ माध्यमिक विद्यालय भनिएको भएता पनि यो भविष्य निर्माणको निर्णायक चरण हो । यही तहले विद्यार्थीलाई चिकित्सा, इञ्जिनियरिङ, नर्सिङ व्यवस्थापन, सूचना प्रविधि, कानुन तथा विश्वविद्यालयीय उच्च शिक्षाको बाटो तय गर्दछ । नेपालको +२ शिक्षा प्रणाली अझैं धेरै चुनौतीसँग संघर्ष गरिरहेको छ । कोर्षको प्रकृति हेर्दा विज्ञान संकायमा प्रयोगात्मक कक्षा, प्रयोगशाला अभ्यास तथा अतिरिक्त अध्ययन अत्यावश्यक हुन्छ । व्यवस्थापन र मानविकीमा समेत प्रस्तुतीकरण, अनुसन्धान तथा विश्लेषणात्मक अध्ययनको आवश्यकता बढिरहेको छ । कोभिड-१९ का कारण नेपालले झण्डै दुई वर्ष शैक्षिक क्षति व्यहोरेको थियो । ग्रामीण क्षेत्रका हजारौं विद्यार्थी नियमित पढाइबाट टाढिए । इन्टरनेट, डिजिटल उपकरण तथा वैकल्पिक सिकाइको अभावले ठूलो असमानता सिर्जना गऱ्यो । बिना मूल्याङ्कन नै विद्यार्थीहरु कक्षा चढाइए । यस्तो अवस्थामा शैक्षिक संस्थाहरुलाई दुई दिन बिदाको प्रभावकारिता अस्वाभाविक र आत्मघाति हुन सक्छ । उत्तीर्ण प्रतिशत पहिले नै कमजोर भएको शिक्षण संस्थाहरुमा दुईदिने बिदा अभिभावक तथा विद्यार्थीको हितमा नहुने देखिन्छ ।

नेपालका धेरै विद्यालयमा अझै समयमा पाठ्यपुस्तक पुग्दैनन्, पर्याप्त प्रयोगशाला, पुस्तकालय वा डिजिटल पूर्वाधार छैन । धेरै विद्यार्थीको घरमा अध्ययन गर्ने उपयुक्त वातावरण समेत हुँदैन । धेरै विद्यार्थीहरुले अनलाइन कक्षा वा अतिरिक्त कक्षा लिन सक्दैनन । गरिब तथा ग्रामीण क्षेत्रका विद्यार्थीका लागि विद्यालय नै मुख्य सिकाइ केन्द्र हो । यस्तो अवस्थामा विद्यालय सञ्चालन समय घटाइयो भने त्यसको असर सबैभन्दा बढी सिमान्तकृत वर्गमाथि पर्छ । तोकिएको पाठ्यक्रम पूरा गर्न हतारो हुन्छ । विद्यार्थीमा मानसिक दबाब बढ्छ र शिक्षा झन् व्यावसायिक करणमा रूपान्तरण हुने खतरा हुनेछ । नेपालका विश्वविद्यालयहरू अझैं नियमित शैक्षिक क्यालेन्डर कायम गर्न संघर्षरत छन् । देशकै सबभन्दाजेठो र ठूलो त्रिभुवन युनिभर्सिटिलगायत धेरै विश्वविद्यालयमा परीक्षा ढिला हुने, नतिजा आउन महिनौ लाग्ने तथा अनुसन्धान संस्कृति कमजोर रहने समस्या कायमै छ ।

युरोप र अमेरिकाका विश्वविद्यालयहरूमा दुई दिने बिदा भए पनि त्यहाँ अध्ययन केवल कक्षाकोठामा मात्र सीमित हुँदैन । विद्यार्थीले पुस्तकालय, अनुसन्धान केन्द्र, इन्टर्नसिप तथा अनलाइन मोडेलमार्फत् निरन्तर सिकाइ गरिरहेका हुन्छन् । विश्विविद्यालयका प्राध्यापकहरु अध्ययन र अनुसन्धानमै खटिइरहेका हुन्छन् । तर नेपालमा विश्वविद्यालयीय अध्ययन पनि अझै कक्षा केन्द्रित छन् । धेरै विद्यार्थीले नोट घोकेर परीक्षा दिने परिपाटिबाट पूर्णरूपमा मुक्ति पाएका छैनन् । विशेष गरी सरकारी विद्यालय र विश्वविद्यालयहरुमा नियमित पठन पाठन नहुनु, प्राध्यापकहरुले विद्यार्थीहरुलाई प्रशस्त समय नदिनु जस्ता समस्याको परिधिभित्र पाठ्यपुस्तक अथवा पाठ्यसामग्री नघटाइ शिक्षण समय घटाउनु भनेको शैक्षिक गुणस्तरलाई थप कमजोर बनाउनु हो । विज्ञान, चिकित्सा, नर्सिङ, इञ्जिनियरिङ तथा प्राविधिक शिक्षामा पर्याप्त प्रयोगात्मक समय अत्यावश्यक हुन्छ । शैक्षिक पूर्वाधारको विकास बिना विकसित देशहरूको मोडेल नक्कल गरेर मात्र नेपालको विश्वविद्यालय शिक्षा अन्तर्राष्ट्रियस्तरको बन्न सक्दैन ।

त्यसैगरी स्वास्थ्य क्षेत्रमा दुईदिने बिदाको प्रभाव अझ गम्भीर हुन सक्छ । कुनै पनि बिरामीले रोगलाई शनिबार र आइतबार भनेर पर्खंदैन । स्वास्थ्य सेवा राज्यको सबैभन्दा संवेदनशील दायित्व हो । नेपालमा अझैं लाखौं नागरिक गुणस्तरीय स्वास्थ्य सेवाबाट टाढा छन् । सरकारले बिरामिका लागि कुनै विशेष सुविधा उपलब्ध गराउन सकेको छैन । विश्व बैंक र विभिन्न अध्ययनअनुसार नेपालमा कुल स्वास्थ्य खर्चको ५४ प्रतिशतभन्दा बढी हिस्सा नागरिकले आफैं तिर्नुपर्छ । यसको अर्थ, सरकारी स्वास्थ्य सुरक्षा प्रणाली अझैं कमजोर छ । विभिन्न अध्ययनहरूले करिब १० प्रतिशत नेपाली नागरिक मृगौलासम्बन्धी विभिन्न रोगहरुलगायत क्यान्सर जस्ता विनाशकारी स्वास्थ्य खर्चको मारमा पर्ने देखाएका छन् । कुनै गम्भीर रोग लागेपछि उपचार खर्चकै कारण परिवार ऋणमा डुब्ने, सम्पत्ति बेच्नुपर्ने वा उपचार नै रोक्नुपर्ने अवस्था आउँछ । सामाजिक स्वास्थ्य बिमा कार्यक्रम पनि अपेक्षित रूपमा प्रभावकारी बन्न सकेको छैन ।

देशको ठूलो जनसंख्या स्वास्थ्य बिमाभन्दा बाहिर छ । स्वास्थ्य बिमा बोर्डले अस्पतालहरूलाई समयमै भुक्तानी गर्न नसक्दा कतिपय अस्पतालहरूले बिमाका बिरामीको सेवा सीमित गर्न थालेका समाचारहरू सार्वजनिक भएका छन् । स्वास्थ्य बिमा बोर्डले अस्पतालहरूलाई १२ अर्ब रुपैयाँ तिर्न नसकेर ठूला अस्पतालहरूले बिमा कार्डका बिरामीको उपचार नै बन्द गर्न थालेका छन् । नेपालमा सरकारी स्वास्थ्य सेवा कमजोर हुँदा निजी अस्पतालहरूको प्रभाव निरन्तर बढिरहेको छ । यदि सप्ताहान्तमा सरकारी अस्पतालको सेवा प्रभावकारी भएन भने बिरामी निजी अस्पताल जान बाध्य हुन्छन् । निजी अस्पतालको उपचार खर्च सामान्य नागरिकको पहुँचभन्दा बाहिर छ । एउटा सामान्य शल्यक्रियादेखि आइसीयू उपचारसम्म लाखौं रुपैयाँ खर्च हुन सक्छ । धनी वर्गका लागि निजी अस्पताल सहज विकल्प हुन सक्ला, तर गरिब नागरिकका लागि त्यो विनाशकारी छ । कतिपय परिवार उपचार खर्च जुटाउन जग्गा बेच्न, ऋण लिन वा वैदेशिक रोजगारीमा गएका परिवार सदस्यको कमाई खर्च गर्न बाध्य छन् ।

दुई दिन बिदा दिने हो भने शिक्षामा डिजिटल सिकाइ, अनुसन्धान संस्कृति, प्रयोगात्मक अध्ययन तथा गुणस्तरीय शिक्षण प्रणाली सुदृढ मात्रै होइन क्रेडिट आवर र पाठ्य सामग्री पनि परिमार्जन गर्न जरुरी छ । नेपाल जस्तो विपन्न तथा विकासोन्मुख देशमा स्वास्थ्य क्षेत्रमा सरकारी अस्पताललाई २४ घण्टा प्रभावकारी बनाउनु आवश्यक छ । निजी अस्पताल तथा मेडिकल- क्लिनिकको बिगबिगि भैरहेको बेला स्वास्थ्य क्षेत्र आइतबार होइन, शनिबार पनि खुल्ला गरी आम नागरिकलाई सेवा दिनु जरुरी छ । स्वास्थ्य बिमा प्रणालीलाई विश्वसनीय र प्रभावकारी बनाउन जरुरी छ । गरिब तथा विपन्न नागरिकका लागि निःशुल्क उपचार पहुँच विस्तार गर्दै नेपालीको औसत आयु बढाउँदै मानव सूचाङ्कलाई बढाउन जरुरी छ । त्यसैगरी निजी अस्पतालहरूको शुल्क र सेवा गुणस्तरमाथि कडा नियमन आवश्यक छ । Human Development Report अनुसार नेपाल १९३ देशमध्ये १४५औं स्थानमा छ, HDI मान ० दशमलव ६२२ सहित मध्यम मनव विकास श्रेणीमा पर्छ । यो तथ्याङ्क ले पनि नेपालले शिक्षा र स्वास्थ्यमा धेरै लगानि गर्नु पर्ने देखिन्छ ।

तर शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय तथा सम्बन्धित शैक्षिक कार्यक्रमहरूका लागि नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ र २०८१/८२ मा कुल बजेटको क्रमशः ११ प्रतिशत र १० प्रतिशत मात्रै बजेट छुट्याएको थियो भने स्वास्थ्य क्षेत्रमा २०८०/८१ मा ४ दशमलव ८ प्रतिशत र २०८१/८२ मा जम्मा ४ दशमलव ६ प्रतिशत बजेट छुट्याएको थियो । दुई दिन साप्ताहिक बिदा विकसित देशका लागि आराम, पारिवारिक समय र मानसिक स्वास्थ्य सन्तुलनको प्रतीक हुन सक्छ । तर नेपाल जस्तो संघर्षशील र विकासोन्मुख देशमा यसको प्रभाव नकारत्मक हुन सक्छ । नेपाल जस्तो कमजोर शिक्षा र स्वास्थ्य भएको राष्ट्रले विकासका लागि अनुशासन, उत्पादनशीलता, गुणस्तरीय शिक्षा र सर्वसुलभ स्वास्थ्य सेवा आवश्यक छ । विषेश गरी विश्वविद्यालय तहमा अध्ययन समय घटाउने नीति दीर्घकालीन रूपमा मानव पुँजी कमजोर बनाउने जोखिम बोकेको देखिन्छ भने स्वास्थ्य क्षेत्रमा त झन् गरिब नागरिकमाथि प्रतक्ष्य अन्याय सावित बन्न सछ ।

# नेप्से परिसूचक चार दशमलव ९९ अङ्कले बढ्यो



काठमाडौँ । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार झण्डै पाँच अङ्कले बढेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव ९९ अङ्कले बढेर दुई हजार ७८२ दशमलव १० मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक एक दशमलव २१ अङ्कले उकालो लागेर ४७५ दशमलव ५१ मा पुगेको छ । कारोबार भएकामध्ये १५१ कम्पनीको शेयर मूल्यमा वृद्धि भएको छ भने १०५ कम्पनीको शेयर मूल्य घटेको छ । यस्तै, १४ कम्पनीको भने कुनै परिवर्तन भएको छैन ।

नेप्सेका अनुसार, कूल ३५४ कम्पनीको एक करोड ५२ लाख ४९ हजार ७१२ कित्ता शेयर रु छ अर्ब तीन करोड ६४ हजार ८४० मूल्यमा खरिद बिक्री भएको छ ।

कारोबारका आधारमा आँखु खोला जलविद्युत् कम्पनी, रिडी पावर कम्पनी, नेशनल हाइड्रोपावर कम्पनी, अपि पावर कम्पनी र ङ्यादी ग्रुप पावर शीर्ष स्थानमा छन् ।

यस्तै, कालीञ्चोक हाइड्रोपावर, बुङ्गल हाइड्रो, क्रेष्ट माइक्रो लाइफ इन्स्योरेन्स, आँखु खोला जलविद्युत् कम्पनी र माथिल्लो मैलुङ खोला जलविद्युत् लिमिटेडका लगानीकर्ताले कमाएका छन् ।

त्यस्तै, सानिमा डिवेञ्चर, मञ्जुश्री फाइनान्स लिमिटेड, माछापुच्छ्रे बैंकको डिवेञ्चर, सिर्जनशिल लघुवित्त र प्राइम डिवेञ्चरका लगानीकर्ताले भने गुमाएका छन् ।

# भुलेर पनि एकैसाथ खान नहुने यी खानेकुरा, जसले गर्छ गम्भीर असर

विभिन्न खानेकुराहरूको आफ्नै प्रकृति हुन्छ र केही खानेकुराहरू एकसाथ खाँदा पाचन प्रणालीमा समस्या देखिनुका साथै शरीरमा नकारात्मक असर पर्न सक्छ ।

आयुर्वेद र पोषण विज्ञानका अनुसार भुलेर पनि एकसाथ खान नहुने केही मुख्य खानेकुराहरू तल दिइएका छन् ।

स्वास्थ्यका लागि गुणकारी र पोषक मानिएका दुई वा दुईभन्दा धेरै खानेकुराहरू पनि एकैपटक खाँदा एउटा खाद्य पदार्थको गुणधर्म अर्कोसँग नमिल्दा त्यसले स्वास्थ्यलाई हानि गर्न सक्ने डा. हेमराज कोइराला बताउँछन् ।

खानेकुराको मात्रा र विभिन्न खानेकुराहरू एकैचोटि सेवन गर्दा बिरामी भएर अस्पताल भर्ना हुनुपर्ने अवस्था समेत आउन सक्ने उनको दाबी छ ।

**दूध र अमिलो फलफूल**

दूधसँग सुन्तला, कागती, अंगुर वा अन्य अमिलो फलफूल मिसाएर खानु हुँदैन । यसले पेटमा दूध फटाउने र पाचनमा समस्या निम्त्याउँछ ।

**दही र माछा**

दही र माछा दुवै प्रोटिनयुक्त भए पनि यिनीहरूको प्रकृति फरक हुन्छ ।

यी एकसाथ खाँदा छालासम्बन्धी रोग वा ग्यास्ट्रिकको समस्या हुन सक्छ ।

**मह र तातो पानी/दूध**

महलाई धेरै तातो चिजसँग मिसाएर खाँदा यसको पोषक तत्व नष्ट हुनुका साथै यो हानिकारक पनि हुन सक्छ ।

मह सधैं मनतातो वा चिसोमा मिसाउनु राम्रो हुन्छ ।

**दूध र नुनिलो खानेकुरा**

दूधसँग नुन मिसिएका खानेकुराहरू (जस्तै तरकारी, अचार) खाँदा छालामा सेतो दाग वा अन्य समस्या देखिन सक्ने चिकित्सकहरू बताउँछन् ।

**करेला र भिन्डी**

करेला खाएपछि वा करेलासँगै भिन्डी खानु हुँदैन । यसले पेटमा अम्लपित्त बढाउन सक्छ ।

**दही र फलफूल**

धेरै मानिसले फ्रुट सलादमा दही मिसाउँछन्, तर यसले शरीरमा एलर्जी पैदा गर्न सक्छ ।

**मासु र दूध**

मासु खाएपछि तुरुन्तै दूध पिउनु पाचनका लागि निकै भारी हुन्छ र यसले स्वास्थ्यमा गम्भीर असर पुऱ्याउन सक्छ ।

**खरबुजा र पानी**

खरबुजा खाएपछि तुरुन्तै पानी पिउँदा पेट खराब हुने जोखिम रहन्छ किनभने खरबुजामा पहिले नै धेरै पानी हुन्छ ।

स्वास्थ्य खबरबाट

# रूपन्देही व्यापार संघको नियमित बैठक सिरुवारीमा




बुटवल । रुपन्देही व्यापार संघ कार्यसमितिको नियमित बैठक सिरुवारीमा सम्पन्न भएको छ। दक्षिण एसियाकै पहिलो ग्रामीण होमस्टेका रुपमा परिचित स्याङ्जा जिल्लाको सिरुवारीमा संघले आफ्नो सातौं नियमित बैठक सम्पन्न गरेको हो।

संघको वार्षिक कार्यक्रमअन्तर्गत बैठकसँगै संघले विभिन्न संघसंस्थाहरुसँग भेटघाट तथा परिचयात्मक कार्यक्रम पनि सम्पन्न गरेको संघका महासचिव एवं कार्यक्रम संयोजक प्रकाशराज पौडेलले बताए । स्याङ्जास्थित गलेङ्ग चेम्बर अफ कमर्स तथा स्याङ्जा चेम्बर अफ कर्मससँग संघले भेटघाट गर्दै संस्थाहरुबिचमा आपसी सम्बन्ध विस्तारका साथै व्यावसायिक एकताका निम्ति जोड दिइएको थियो । कार्यक्रममा रुपन्देही व्यापार संघका अध्यक्ष प्रकाश ढकालले संस्थाहरुबिचको आपसी भेटघाटका माध्यमबाट व्यावसायिक एवं पर्यटकीय सम्बन्ध कायम गर्दै व्यावसायीका निम्ति सदैव एकजुट भएर लाग्न अझ सजिलो हुने बताए । यस्तै कार्यक्रममा संघका पूर्व अध्यक्ष एवं लुम्बिनी प्रदेश चेम्बर अफ कर्मशका अध्यक्ष टंकप्रसाद पोखरेलले पछिल्लो समय व्यावसायीहरुलाई परेका समस्याको समाधानमा संघहरुलाई एकजुट भएर लाग्न सुझाव दिए भने पूर्व अध्यक्ष पदमप्रसाद श्रेष्ठले संस्थाहरुबिचमा आ-आफ्ना अनुभव र गतिविधिहरुको संघलाई अगाडि बढ्न थप टेवा पुग्ने कुरामा जोड दिएका थिए।

कार्यक्रममा सबै संस्थाका पूर्व अध्यक्ष एवं कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको उपस्थिति रहेको थियो।

यस्तै संघको कार्यसमितिको नियमित बैठकले समसामयिक विषयहरुमाथि जोड दिँदै ७ बुँदे विशेष निर्णय समेत गरेको छ। बैठकले खुल्ला सिमाना एवं भन्सार नीतिका सम्बन्धमा खुला सिमानाका कारण शान्ति, सुरक्षा एवं देशको आन्तरिक मामिला मात्र नभई व्यवसायमा पनि गम्भिर असर परेको हुँदा चोरी पैठारीको न्यूनीकरणलाई भन्सार महशुल दर घटाई अति आवश्यकीय बाहेकका वस्तुहरु आयातको प्रतिबन्धित गर्नुपर्ने ठहर गरेको छ भने बैंक तथा वित्तिय क्षेत्र सम्बन्धमा बैंकिङ्ग कारोवारमा वित्तिय संस्थाहरुले सेवाग्राहीलाई सबै निति नियम स्पष्ट जानकारी गराएर मात्र हस्ताक्षर गराउने तथा नगद कारोवार गर्दा ग्राहकलाई पैसाको नोटमा ट्र्याग लगाउन लगाउने, हस्ताक्षर तथा मोवाइल नं. लेख्दा ह्याकरबाट समेत असुरक्षित भएको महशुस हुन आएकोले उक्त कार्य नगर्न सबै वित्तीय संस्थाहरुमा आवश्यकीय निर्देशन र वैदेशिक कारोवार गर्दा सम्बन्धित देशहरुको मुद्रणमा L.C/T.T. पठाउन सक्ने व्यवस्था मिलानको निमित्त नेपाल राष्ट्र बैंकलाई अपिल गर्ने निर्णय गरेको छ यस्तै बैठकले घरवहालका सम्बन्धमा मुख्य बजारहरुमा महँगो भाडाले पनि वस्तुको मूल्य समायोजन गर्न व्यवसायीलाई अप्ठेरो पारिरहेको साथै वर्तमान समयमा समेत केही घरधनीहरु भाडा घटाउनुभन्दा वृद्धि गर्ने सूचना समेत दिएको पाइएकोले घरवहाल वृद्धि नगर्न, नगराउन हुन साथै सरकारी तथा गैरसरकारी संस्थाहरुमा टेण्डर प्रक्रियाको स्पष्ट नीति मापदण्ड तयार पार्न एवं समयावधि न्यूनतम २० वर्षको निमित्त बोलपत्रमा राख्न स्थानीयदेखि केन्द्रीय सरकार समक्ष माग गर्ने कुरामा जोड दिँदै कर नीति सम्बन्धमा करको दर होइन दायरा बढाउन, कर दाखिलाको आधारमा नागरिकलाई सुरक्षित र प्रोत्साहित नीति अवलम्बन गर्न, कर लिंदा एकद्वार प्रणाली लागु गर्न, लगानी मैत्री वातावरण एवं नीति निर्माण गर्नका निमित्त सरकार समक्ष माग गर्दै नेपाल सरकारको शासकीय सुधार २०८२ को बुँदा नं. ८३ अनुसार MRP को सघन अनुगमन गर्ने भन्ने सम्बन्धमा हाल सम्पूर्ण व्यवसायीलाई त्रासदीपूर्ण वातावरण सिर्जना भएकोले स्टकमा रहेका बिक्री सामाग्री तथा आयतित वस्तुहरुको MRP लगाउने राज्यबाट नै हालसम्म कुनै आधिकारिक फर्मुला प्राप्त नभएकोले कुनै पनि विक्री वस्तुको लिखित MRP गर्ने संभावना नहुँदासम्म अनुगमनको वाहानामा कुनै पनि निकायबाट विना MRP को वस्तुका कारणले त्रासदीपूर्ण वातावरण नबनाउन सम्बन्धित सबै निकायमा अपिल गर्ने निर्णय गरेको छ।

संघको सातौं नियमित बैठकले स्थानीय निकायहरुलाई अतिक्रमण हटाउने बहानामा व्यवसायीहरुलाई त्रासदीपूर्ण वातावरण नबनाउन, स्थानीय निकायमा दर्ता भएका व्यवसायीहरुको राहतकोष खडा गरी वितरणको निमित्त निर्देशिका बनाउन, घरवहाल एवं अन्य सुरक्षाको स्पष्ट मापदण्ड कायम गर्न, बुटवल उपमहानगरपालिकाभित्र वडा नं. किटान गरी एक वडा एक बजारको नीति निर्माण गरी व्यवसायीहरुको अभिभावकत्व गर्न, सार्वजनिक तथा हाटबजार क्षेत्रमा सुविधायुक्त शौचालय, पिउनेपानी तथा प्रतिक्षालय, व्यवस्थित पार्किङ्ग, सिसिटिभि क्यामेराको जडान, ट्राफिक लाइटहरुको सही सदुपयोग, स्पष्ट जेब्राक्रसिङ्ग, बस विसौनीको निमित्त आवश्यक कार्य अगाडि बढाउनको निमित्त अनुरोध गरेको छ भने पर्यटन सम्बन्धमा स्याङ्जाको सिरुवारी गाउँको पर्यटन र रुपन्देहीको व्यापारिक तथा धार्मिक पर्यटनलाई संयुक्त रुपमा प्रवर्द्धन गर्दै पहाडदेखि तराईसम्म पर्यटन सर्किट निर्माणका साथै आन्तरिक तथा वाह्रय पर्यटकलाई सिरुवारीको गाउँ, सांस्कृतिक होमस्टे र प्राकृतिक सौन्दर्यतासँगै रुपन्देहीको लुम्बिनी लगायतका पर्यटकीय स्थानहरु, व्यापारिक केन्द्र र संस्कृतिक गतिविधिसँग जोड्ने कार्यक्रम संचालन गर्दै रुपन्देही व्यापार संघले पर्यटन प्रवर्द्धन अभियान, संयुक्त पर्यटन प्याकेज, होटल-यातायात-होमस्टे समन्वय तथा निजी क्षेत्रीबिच सहकार्य विस्तार गरी दुवै क्षेत्रको आर्थिक तथा पर्यटन विकासमा महत्वपूर्ण भूमिका खेल्ने निष्कर्ष निकालेको छ । बैठक संघका अध्यक्ष प्रकाश ढकालको अध्यक्षता एवं महासचिव प्रकाशराज पौडेलको सञ्चालनमा सम्पन्न भएको थियो।

# दलित समुदायको संवैधानिक अधिकार रक्षाका लागि राज्य र सरोकारवाला गम्भीर हुनुपर्ने



**कृष्ण पोखरेल**
*पाल्पा*

नेपालमा कानुनी रूपमा जातीय भेदभाव तथा छुवाछूत उन्मूलन घोषणा गरिएको वर्षौं बितिसक्दा पनि व्यावहारिक तहमा यसको पूर्ण कार्यान्वयन हुन नसकेको भन्दै सरोकारवालाहरूले चिन्ता व्यक्त गरेका छन् । बुधबार पाल्पाको तानसेनमा जागर मिडिया सेन्टरले आयोजना गरेको दलित समुदायको संवैधानिक अधिकार, जातीय छुवाछुत सम्बन्धी ऐन, कानुन कार्यान्वयनको अवस्था र सरोकारवालाहरूको भूमिका' विषयक अन्तर-संवाद कार्यक्रममा बोल्ने वक्ताहरूले कार्यान्वयन पक्ष फितलो भएको गुनासो गरेका हुन् ।

कार्यक्रममा पाल्पा जिल्लाका स्थानीय जनप्रतिनिधि, राजनीतिक दलका अगुवा, नागरिक समाजका प्रतिनिधि, मानव अधिकारकर्मी, कानुन व्यबसायी, शिक्षक, बुद्धिजीवी तथा सञ्चारकर्मीहरूबिचको छलफल कार्यक्रममा नेपालको संविधानले निर्दिष्ट गरेका दलित अधिकारका कानुनी व्यवस्थाहरूको प्रभावकारितामाथि निर्मम समीक्षा गरिएको थियो।

कार्यक्रममा त्रिभुवन बहुमुखी क्याम्पसका उप प्राध्यापक डा. पितबहादुर नेपालीले नेपालमा जातीय छुवाछुतको अवस्था, संवैधानिक हक अधिकार र निति नियम, ऐन कार्यान्वयनका अवस्था र चुनौतीका विषयमा कार्यपत्र प्रस्तुत गर्दै अधिकार पाएपनि व्यवहारिक रुपमा कार्यान्वयन फितलो रहेकोमा जोड दिए।

कार्यक्रममा प्रस्तुत गरिएको कार्यपत्र र छलफलका क्रममा वक्ताहरूले जातीय भेदभाव तथा छुवाछूत (कसुर र सजाय) ऐन, २०६८, नेपालको संविधान २०७२ जारी भएपछि पनि देशमा कानुनी शासन स्थापित गर्ने मार्गमा थुप्रै संरचनागत र व्यावहारिक चुनौतीहरू कायमै रहेको बताएका छन् । नेपालको संविधानले दलित समुदायका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र राजनीतिक प्रतिनिधित्वका सवालमा विशेष हकको व्यवस्था गरेको भए तापनि प्रशासनिक उदासीनता र सामाजिक चेतनाको कमीका कारण लक्षित वर्गले ती अधिकारहरू पूर्णरूपमा अनुभूत गर्न नपाएको सहभागीहरूको जोड रहेको छ।

समाजमा जातीय छुवाछूतको सवालमा रहेका संवैधानिक हक र अधिकारहरूका बारेमा आम नागरिक तथा सरोकारवालाहरूलाई स्पष्ट जानकारी प्रदान गर्न, संविधानमा व्यवस्था गरिएका दलित अधिकारका कानुनी प्रावधानहरूमाथि गहन छलफल चलाई त्यसको बुझाइमा एकरूपता ल्याउने उद्देश्यका साथ कार्यक्रमको आयोजना गरिएको जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माले बताइन्।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल, राष्ट्रिय स्वतन्त्र पार्टीका उप सभापति समुन गैरे, नेपाली कांग्रेसका सभापति हिमालदत्त श्रेष्ठ, नेकपा एमालेका अध्यक्ष ओमबहादुर घर्तीमगर, नेपाली कम्युनिष्ट पार्टीका केन्द्रीय सदस्य यादवबहादुर रायमाझी, राष्ट्रिय जनमोर्चाका जिल्ला अध्यक्ष विशाल दर्लामी, तानसेन नगरपालिकाका सामाजिक विकास अधिकृत कौशलराज घिमिरे, तानसेन नगरपालिका कार्यपालिका सदस्य लक्ष्मी वि.क., दिनेश गन्धर्व, दलित अगुवा तिर्थ गौतम, केशरी लोहनी विश्वकर्मा, खुम बहादुर विश्वकर्मालगायतले विद्यालय, स्थानीय समुदाय तथा आमसञ्चार माध्यमहरूका माध्यमबाट समाजमा समानता, मानवअधिकार र सामाजिक सद्भावसम्बन्धी व्यावहारिक शिक्षा प्रदान गरिनुपर्ने, जातीय विभेद र छुवाछूतजन्य घटनामा संलग्न जुनसुकै व्यक्तिलाई पनि कानुन बमोजिम कडा कारबाही गरी पीडित पक्षलाई अविलम्ब न्याय र क्षतिपूर्तिको व्यवस्था गरिनुपर्नेमा जोड दिए।

समाजमा रहेका सबै जातजाति र वर्गबिच आपसी सम्मान, निरन्तर सहकार्य र समान व्यवहार प्रदर्शन गर्ने वातावरणको निर्माण स्थानीय तहदेखि नै गरिनुपर्ने, दलित तथा आर्थिक-सामाजिक रूपमा पछाडि पारिएका सीमान्तकृत समुदायका लागि विशेष सीप विकास, रोजगारीका अवसरहरू र आर्थिक सहयोगका लक्षित कार्यक्रमहरू सञ्चालन गरिनुपर्नेमा वक्ताहरुले जोड दिए।

स्थानीय सरकारले आगामी नीति, बजेट तथा कार्यक्रममा दलित अधिकार र सशक्तीकरणका लागि ठोस योजना तर्जुमा गर्नुपर्ने, राजनीतिक दल नागरिक समाज र सञ्चार माध्यमले छुवाछुत अन्त्यको मुद्दालाई निरन्तर निगरानी र पैरवी गरिरहनु पर्ने कार्यक्रमको निचोड रहेको छ। मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्माको अध्यक्षतामा भएको कार्यक्रमको जागरण मिडिया लुम्बिनी संयोजक विनोद परियारको स्वागत र सञ्चालन पत्रकार कृष्ण दर्नालले गरेका थिए।

# धर्मचक्र बौद्ध युवा संघको टोली सिक्किम-दार्जिलिङ यात्रामा

पाल्पा। एक आपसमा धार्मिक तथा सांस्कृतिक आदान-प्रदान गर्ने र पाल्पाको ऐतिहासिक नगर तानसेनमा भारतीय बौद्ध पर्यटकहरू भित्र्याउने उद्देश्यका साथ धर्मचक्र बौद्ध युवा संघ, तानसेन-२, बडिङ्गानटोलको भजनटोली एक हप्ता लामो धार्मिक तथा पर्यटकीय भ्रमणमा निस्किएको छ।

विश्वमा शान्तिको कामना गर्दै निस्किएको उक्त टोलीले भारतको सिक्किम तथा दार्जिलिङका विभिन्न प्रख्यात बौद्ध गुम्बा तथा विहारहरूमा पुगेर तानसेनको रैथाने बौद्ध भजन तथा संस्कृति प्रस्तुत गर्ने कार्यक्रम तय गरेको छ।

साथै टोलीले दुबै स्थानको धार्मिक र पर्यटकीय स्थलहरूको भ्रमण गरी तानसेनको ऐतिहासिक कला संस्कृतिहरु प्रस्तुत गर्ने जनाएको छ।

पाल्पामा लामो समयदेखि जोगाइँदै आएको परम्परागत बौद्ध भजन, संस्कृति र संस्कारलाई सिक्किम तथा दार्जिलिङका बौद्ध समुदायमाझ प्रस्तुत गर्ने, भ्रमणका क्रममा सिक्किम तथा दार्जिलिङका बौद्ध भिक्षु, धर्मगुरु तथा बौद्ध धर्मावलम्बीहरूलाई तानसेन र पाल्पाका ऐतिहासिक बुद्ध विहारहरूको भ्रमण गर्न औपचारिक निमन्त्रणा दिने भ्रमण दलका संयोजक महेशमान बज्राचार्यले बताए।

भविष्यमा सिक्किम, दार्जिलिङ र तानसेन पाल्पाबिच दुईपक्षीय मैत्रीसम्बन्ध विस्तार गर्ने, बौद्ध संस्कृति र भजन प्रस्तुत गर्ने वातावरण निर्माण गर्ने र दुई देशका सहरहरूबिच धार्मिक पर्यटनको बलियो सञ्जाल बनाउन भ्रमण केन्द्रित रहेको धर्मचक्र बौद्ध युवा संघका अध्यक्ष बसन्तलाल बज्राचार्यले जानकारी दिए।

'हामी हाम्रो क्षेत्रमा रहेको मौलिक बौद्ध परम्परा र भजन संस्कृतिलाई सिक्किम र दार्जिलिङमा प्रदर्शन गर्ने छौं, जसले गर्दा हाम्रो संस्कृतिको प्रचार हुने छ र उहाँहरूलाई पनि तानसेन आउन प्रेरित गर्ने भ्रमण दलको अपेक्षा रहेको छ।'-उनले भने।

जेठ १३ गतेदेखि १९ गतेसम्म हुने धार्मिक यात्रामा २२ जनाको सहभागिता रहेको छ। धार्मिक पर्यटनको प्रवर्द्धनमार्फत् तानसेनको आर्थिक र सांस्कृतिक विकासमा टेवा पुऱ्याउन र नेपाल र भारतबिचको धार्मिक सम्बन्धलाई थप प्रगाढ बनाउने विश्वास लिइएको छ।

# सञ्जय होमियो फार्मेसीलाई १० हजार जरिवना




**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा औषधी अनुगमन गरिएको छ । जिल्ला सयुक्त बजार अनुगन समितिले औषधी अनुगमन गरेको हो। बुद्वचोको एक होमिया फार्मेसीमा म्याद गुज्रिएको औषधी भेटिएको छ।

सञ्जय होमियो फार्मेसीमा म्याद गुज्रिएको औषधी बिक्रीवितरण गरेको पाइएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका वरिष्ठ प्रशासन सहायक धिरेन्द्रले जानकारी दिए।

४२ प्रकारको होमियो प्याथिक औषधी म्याद गुज्रिएको र लेबल नराखि भेटिएको उक्त औषधीहरू नियन्त्रणमा लिई नष्ट गरिएको जिल्ला प्रशासन कार्यालय सहायक प्रमुख जिल्ला अधिकारी पोषणराज भण्डारीले जानकारी दिए।

उनका अनुसार औषधी नियन्त्रणमा लिई आवश्यक निर्देशन दिई सचेत गराइएको र सञ्जय होमियो फार्मेसीलाई रु. १० हजार जरिवाना समेत गरिएको हो।

जिल्ला प्रशासन कार्यालयका कर्मचारीले सञ्जय होमियो फार्मेसीमा औषधी खरिद गर्दा उक्त फार्मेसीले पाँच वर्ष काटेको औषधी दिएपछि तुरुन्तै अनुगमन टोली अनुगमन गर्न जाँदा सञ्जय होमियो फार्मेसीमा विभिन्न प्रकार औषधी कुनै पाँच वर्षदेखि ६ वर्षसम्म म्याद गुज्रिएको पाइएको भण्डारीले बताए।

**क-कसलाई...**

भदौ २३-२४ को घटनासम्बन्धी अनुसन्धानको प्रतिवेदन सार्वजनिक गर्दै आयोगले उक्त समूहमाथि सुक्ष्म अनुसन्धान गर्न भनेको हो।

अनुसन्धानको सिलसिलामा देखिएको, तर आयोगको अधिकार क्षेत्रको सीमितताले अनुसन्धान गर्न नसकेको विषय भन्दै आयोगले भनेको छ- माइतीघर मण्डलामा शान्तिपूर्ण प्रदर्शन गर्ने भनी कार्यक्रम राखिएकोमा सो ठाउँमा जम्मा भएका प्रदर्नकारीहरूलाई नयाँ बानेश्वरस्थित संसद् भवनतर्फ लैजाने, सो भिडलाई उक्साउने र संसद् भवनको सुरक्षामा रहेका सुरक्षा फौज समेत उपर हिंसात्मक व्यवहार गर्न उक्साउने TOB समूह तथा अन्य व्यक्तिहरूको बारेमा सुक्ष्म अनुसन्धान गरी दोषी देखिए कानुन बमोजिम कारबाहीको दायरामा ल्याउनू।

थापा संयोजकत्वको अनुसन्धान समितिले ६ चैतमा महिनाअघि नै अनुसन्धान प्रतिवेदन पेश गरे पनि आयोगले मंगलबार मात्रै उनीहरूलाई कारबाही सिफारिस गर्ने निर्णय गरेको हो । आयोगले बुधबार आफ्नो सिफारिस प्रधानमन्त्री कार्यालयमा बुझाइसकेको छ।

'तथ्य र विश्लेषण खण्डको प्रकरण नं. ३७ मा नाम उल्लेख भइ मानव अधिकार उल्लंघनकर्ता भनिएका तत्कालीन प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओली (केपी ओली), तथ्य र विश्लेषण खण्डको प्रकरण नं. २८ मा नाम उल्लेख भई मानवअधिकार उलंघनकर्ता भनिएका तत्कालीन गृह मन्त्री रमेश लेखक र तथ्य र विश्लेषण खण्डको प्रकरण नं. १८ मा नाम उल्लेख भई मानवअधिकार उल्लंघनकर्ता भनिएका तत्कालीन सूचना तथा सञ्चार मन्त्री पृथ्वीसुब्बा गुरूङसमेतले मानवअधिकार उल्लंघन गरेको पुष्टि भएको हुँदा निजहरूलाई नेपालको संविधानको धारा २४९ को उपधारा २ (ग) बमोजिम गर्न,' भन्ने निर्णय आयोगको पूर्ण बैठकले गरेको हो।

संविधानको धारा २४९ को उपधारा २ (ग) मा 'मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थाकाविरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा (राष्ट्रिय मानवअधिकार आयोगले) कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने' भन्ने व्यवस्था छ।

तर, निजहरूलाई मानवअधिकार उल्लंघनको विषयमा सजाय गर्ने व्यवस्था हाल प्रचलनमा रहेको कुनै पनि कानुनमा नदेखिंदा मानवता र मानवअधिकारको कसुरमा पश्चात्दर्शी कानुन बनाएर भए पनि कारबाही गर्न आयोगले सरकारलाई सिफारिस गरेको छ।

मानवअधिकार उल्लंघनका घटनामा पश्चात्दर्शी कानुन बनाएर पनि कारबाही गर्न सकिन्छ भनेर सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादन भइसकेको हुँदा निजहरूलाई कारबाही र सजाय गर्न नयाँ कानुन निर्माण गर्नुपर्ने देखिन आए सो बमोजिम नयाँ कानुन निर्माण गरी यी तीनजनालगायतलाई कारबाही गर्ने सिफारिस आयोगले गरेको हो।

यसरी कानुन बनाउँदा कुन-कुन कुरा समावेश गर्ने भनेर समेत आयोगले नेपाल सरकारलाई परामर्श दिएको छ।

मानवअधिकार उल्लंघनका घटनामा कारबाही गर्ने कानुन बनाउँदा बढीमा ६ महिना कैद वा ३ लाखसम्म जरिवाना वा दुबै सजाय हुने व्यवस्था राख्न आयोगले सिफारिस गरेको छ। त्यस्तै, आयोगले कारबाहीका लागि सिफारिस गरेका यस्ता विषयहरुको मुद्दा विशेष अदालतले हेर्ने व्यवस्था मिलाउन समेत सिफारिस गरिएको छ।

मानवअधिकार उल्लंघनकर्तालाई राजनीतिक नियुक्ति वा निर्वाचित हुने जुनसुकै पदमा कम्तीमा ५ वर्षसम्मका लागि उम्मेदवार हुन नमिल्ने व्यवस्था गर्न र प्रशासनिक जिम्मेवारीमा कम्तीमा ३ वर्षसम्मका लागि बन्देज लगाउन सिफारिस गरिएको छ। त्यस्ता व्यक्तिलाई विदेश भ्रमणमा जान कम्तीमा ३ वर्षसम्म प्रतिबन्ध लगाउन पनि सिफारिस गरिएको छ।

त्यस्तै, मानवअधिकार उल्लंघनको मुद्दा परेपछि जुन सुकै सार्वजनिक पदमा रहेको भएता पनि स्वतः निलम्बन हुने व्यवस्था राख्न पनि सिफारिस गरिएको छ।

गम्भीर प्रकारका मानवअधिकार उल्लंघन बाहेक अन्यको घटनाको हकमा सम्बन्धित पीडित तथा अदालतको अनुमतिले सार्वजनिक रुपमा क्षमा माग्ने, उचित क्षतिपूर्ति दिने र मानवअधिकार उल्लंघनकर्तालाई सजायबाट क्षमा दान दिन सकिने व्यवस्था गर्न पनि आयोगले सिफारिस गरेको छ।

आयोग सदस्य थापा संयोजकत्वको समितिले करिब ६ महिना लगाएर एक हजार पृष्ठको प्रतिवेदन तयार पारेको थियो । त्यसका आधारमा आयोगले ओली, लेखक, सुब्बासहित तत्कालीन अवस्थामा सुरक्षा निकायको नेतृत्व गरेका व्यक्तिहरुलाई पनि कारबाही सिफारिस गरेको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाण्डौं

**विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना**

यस सूचनाद्वारा सर्वसाधारण सबैमा जानकारी गराइन्छ कि श्री शान्दुक ग्रुप (दर्ता नं. २०१४४६), सिद्धार्थनगर नगरपालिका-७, रुपन्देही स्थित उक्त कम्पनीले कम्पनी ऐन, २०६३ बमोजिम विशेष प्रस्ताव पारित गरी कम्पनीको दर्ता खारेज गर्ने निर्णय गरेको व्यहोरा जानकारी गराइन्छ। यस सम्बन्धमा, यदि कसैको उक्त कम्पनीसँग कुनै किसिमको लेनदेन, ऋण, दायित्व वा अन्य हकदावी बाँकी रहेको भए, सोको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १ (एक) दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा उपस्थित भई आफ्नो दाबी पेश गर्नुहुन सम्बन्धित सबै सरोकारवालामा अनुरोध गरिन्छ। तोकिएको म्यादभित्र दाबी पेश नगरेमा प्रचलित कानून बमोजिम उक्त कम्पनीको दर्ता खारेज प्रक्रिया अगाडि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौँ

**कम्पनीको लिक्विडेसन (दर्ता खारेजी) गरिएको सूचना**

कम्पनी दर्ता नं. २३४४९५ मा दर्ता भएको लुम्बिनी बुद्धभूमि मल्टी विजनेश प्रा.लि. को कम्पनी लिक्विडेसन (दर्ता खारेजी) गर्ने माग र सो सम्बन्धमा कम्पनी रजिष्ट्रार कार्यालयका रजिष्ट्रार समक्ष पेश गरिएका आवश्यक कागजातहरु अनुसार मिति २०८३/०२/१३ मा चलानी नं. कम्पनी प्र/३१५९१ को कम्पनी रजिष्ट्रार कार्यालयको निर्णय पत्र बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ (१) अनुसार उपरोक्त कम्पनीको लिक्विडेसन (दर्ता खारेजी) गर्ने निर्णय भएकोले सोही व्यहोरा सम्बन्धित सबैको लागि सूचित गरिन्छ।

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# चीनमाथि नेपालको संघर्षपूर्ण जित



बुटवल । महिला एसियन गेम्स क्वालिफायरअन्तर्गत नेपालले विजयी सुरुवात गरेको छ ।

बुधबार सम्पन्न खेलमा नेपालले चीनलाई १९ रनले हराएको हो । १२६ रनको लक्ष्य पछ्याएको चीनले २० ओभरमा ५ विकेट गुमाएर १०६ रनमात्रै बनाउन सक्यो ।

उसका लागि कप्तान भ्रु मिंगीले ३०, वाङ हिइङले २१, वि हैटिङले १८ तथा लि जियापिङले १५ रन बनाउँदा अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । चीनले अतिरिक्त १७ रन जोड्यो ।

बलिङतर्फ नेपालकी रिया शर्माले दुई तथा मनिषा उपाध्याय, कविता कुँवर र पूजा महतोले एक-एक विकेट लिए ।

त्यसअघि मलेसियाको क्वालालम्पुरस्थित बायमास क्रिकेट मैदानमा टस जितेर पहिले ब्याटिङ थालेको नेपालले २० ओभरमा ५ विकेट गुमाएर १२५ रन जोड्यो ।

उपकप्तान पूजा महतोले अर्धशतकीय इनिङ्स खेलिन् । ५७ बलमा ६ चौकाको मद्दतमा पुजाले ६३ रनको योगदान दिइन् ।

यस्तै, रुवि पोद्धारले २२ तथा सोनी पाख्रिनले १८ रन जोड्दा अन्य खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् ।

बलिङतर्फ मा रिकले दुई तथा वाङ हिइङ र ली जियापिङले एक-एक विकेट लिए ।

विभिन्न छ राष्ट्र सहभागी प्रतियोगितालाई दुई समूहमा विभाजन गरिएको छ। नेपाल समूह बी मा रहेको छ । नेपालको समूहमा चीन र इन्डोनेसिया छन् ।

त्यसैगरी, समूह ए मा आयोजक मलेसिया, हङकङ र थाइल्यान्ड छन् ।

प्रतियोगिताको शीर्ष तीन स्थानमा रहने टोली यसैवर्ष जापानमा हुने २०औँ एसियाली खेलकुद प्रतियोगितामा छनोट हुनेछ ।

# उद्योगहरूको अनुगमनलाई तीव्रता



परासी । रामग्राम नगरपालिकाले उद्योगहरूको अनुगमनलाई तीव्रता दिएको छ । उद्योगहरूको स्थानीयस्तरमा जनगुनासो आउन थालेपछि नगरपालिकाले अनुगमन टोली र स्थलगत निरीक्षण गरी अनुगमनलाई तीव्रता दिइएको हो । रामग्राम नगरपालिकाका प्रशासकीय अधिकृत रिजबन अहमद अन्सारीको नेतृत्वको टोलीले नगरपालिकाभित्र रहेका उद्योगहरूको अनुगमन र निरीक्षण गरेको टोलीका सदस्य सुमन ज्ञवालीले जानकारी दिए ।

अनुगमनको क्रममा उद्योगहरूमा सरसफाइ नदेखिएको र कामदारलाई दिनुपर्ने सुरक्षा सामग्री नदिएको प्रशासकीय अधिकृत अन्सारीले जानकारी दिए। उनले उद्योगहरूले सामाजिक सुरक्षामा अबद्धता नरहेको र उद्योगहरूले आवश्यक कागजपत्रहरू नराखेको पाइएको बताए ।

अनुगमनमा देखिएको समस्या, सरसफाइ नदेखिएको र कामदारलाई दिनुपर्ने सुरक्षा सामग्री दिन र सबै आवश्यक कागजपत्र उद्योगमै राख्न निर्देशन पनि दिएको अन्सारीले बताए । रामग्राम नगरपालिकाको वडा नं. १० मा रहेको गोयल स्पात लिमिटेडमा उद्योगले प्रदूषण मापन नगरेको र उद्योगमा बोरिङको खानेपानीको परीक्षण नियमित नगरेको देखिएको अनुगमन टोलीका सदस्य एंव वातावरण विज्ञ सुदिप पौडेलले जानकारी दिए। उनले वातावरणिय स्वअनुगमन प्रतिवेदन नभएको र वृक्षरोपण पर्याप्त नभएको बताए । प्रदूषण नियन्त्रण गर्ने उचित उपकरण नरहेको पौडेलले बताए ।

कामदारहरूलाई उद्योग सञ्चालकहरूले काम लगाउँदा उनीहरूको स्वास्थ्यमा ख्याल, मास्क र चश्माहरू उपलब्ध गराउनुपर्ने, तर उद्योग सञ्चालकहरूले कामदारहरूको स्वास्थ्यमाथि खेलवाड गरेको अनुगमनको क्रममा भेटिएको छ। अरूण बेवरेजमा पनि टोलीले अनुगमन गरेको थियो ।

# रामचन्द्र मैनादेवी अनाथ आश्रममा सत्सङ्ग प्रवचन



बुटवल । अनाथ तथा असहाय महिला कल्याण समाजअन्तर्गत सञ्चालित रामचन्द्र-मैना देवी अनाथ आश्रममा सत्सङ्ग प्रवचन सम्पन्न भएको छ । कुन्तिपुत्र राधेय कर्णको सत्सङ्ग प्रवचन कार्यक्रममा आश्रममा आश्रित विद्यार्थी सुरेन्द्र बानियाँ प्रमुख कथा वाचक रहेका थिए ।

जेठ ७ गतेदेखि १३ गतेसम्म सञ्चालन भएको सत्सङ्ग कार्यक्रम हरेक दिन बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म चलेको थियो । एक सातासम्म निरन्तर सञ्चालन भएको कार्यक्रममा सयौँ स्थानीय सहभागी भई आध्यात्मिक ज्ञानसँगै साङ्गीतिक मनोरञ्जनसमेत लिएका थिए ।

आश्रमकी सञ्चालक मैनादेवी भण्डारीका अनुसार किशोर उमेरको विद्यार्थी सुरेन्द्रको सुमधुर स्वर, स्पष्ट प्रस्तुति र भावपूर्ण वाचनले सहभागीहरूलाई विशेष रूपमा आकर्षित गरेको थियो । 'कलिलो उमेरमै सुरेन्द्रले देखाएको कथा वाचन प्रतिभा र आध्यात्मिक साधनाले सबैलाई प्रभावित बनाएको छ ।'- उनले भनिन् । मुगु जिल्लाबाट आएका सुरेन्द्र विगत ९ वर्षदेखि आश्रममा बस्दै आएका छन् । हालै सार्वजनिक माध्यमिक शिक्षा परीक्षा एसईईमा उनले ए प्लस ग्रेड हासिल गरेका छन् । उत्कृष्ट शैक्षिक उपलब्धिका कारण उनले कक्षा ११ अध्ययनका लागि पूर्ण छात्रवृत्तिसमेत प्राप्त गरेका छन् ।

सत्सङ्ग कार्यक्रममा सुरेन्द्रले महाभारतका पात्र कर्णको जीवन, त्याग, संघर्ष र मानवीय मूल्यबारे प्रवचन दिएका थिए । उनका प्रस्तुति शैली, मधुर स्वर र आत्मविश्वासपूर्ण अभिव्यक्तिले सहभागीहरूलाई मन्त्रमुग्ध बनाएको उपस्थितहरूको भनाइ थियो ।

आश्रम परिवारले सुरेन्द्र भविष्यमा लोकप्रिय वाचक तथा प्रेरणादायी व्यक्तित्व बन्न सक्ने विश्वास व्यक्त गरेको छ। बाल प्रतिभालाई उचित अवसर र प्रोत्साहन मिले समाजमै उदाहरणीय व्यक्तित्व तयार हुन सक्ने सन्देश यस कार्यक्रमले दिएको आयोजकहरूको भनाइ छ । आश्रमले हाल १२ जना बालकलाई आश्रय दिएर पालन पोषण र शिक्ष दिक्षा दिँदै आएको छ ।

# देवदह आदर्श क्याम्पसले राष्ट्रिय सम्मेलन गर्दै




देवदह । देवदह आदर्श बहुमुखी क्याम्पसले 'उच्च शिक्षामा नवप्रवर्तन र स्थानीय विकास' विषयक राष्ट्रिय सम्मेलन आयोजना गर्ने भएको छ । बुधबार क्याम्पसमा पत्रकार सम्मेलन गर्दै क्याम्पसको रिसर्च म्यानेजमेन्ट एण्ड पब्लिकेशन सेलले यही जेठ १५ र १६ गते प्रथम सम्मेलन सञ्चालन हुने जनाएको हो ।

सेलका संयोजक होमनाथ शर्माले सम्मेलनमा देशभरिका विभिन्न विश्वविद्यालयअन्तर्गतका आंगिक, सामुदायिक तथा निजी क्याम्पससँग आबद्ध प्राध्यापक, अनुसन्धानकर्ता तथा अनुसन्धानमा रुचि राख्ने व्यक्तिहरू सहभागी हुने बताए ।

कार्यक्रममा अनुसन्धानमा आधारित ४९ वटा शोधपत्र प्रस्तुत गरिने छ । सम्मेलनअन्तर्गत १० वटा विषयगत क्षेत्र तय गरिएको छ। अनुसन्धान तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि सम्मेलन आयोजना गर्न लागिएको हो ।

क्याम्पस सन् २०२४ मा विश्वविद्यालय अनुदान आयोगबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन प्रमाणित भएपछि अनुदान आयोगको सहयोगमा सम्मेलन हुन लागेको जनाइएको छ ।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका पूर्व उपकुलपति प्रा. डा. केशरजंग बराल, प्रा. डा. महानन्द चालिसेलगायत मुख्य वक्ताको रुपमा रहने क्याम्पस प्रमुख जयकिशन अधिकारीले जानकारी दिए ।

सम्मेलन अवधिमा मुख्य प्रस्तुतिसँगै, प्यानल छलफल तथा समानान्तर सत्र सञ्चालन हुने जनाइको छ ।

सम्मेलनका लागि ११ लाख ४२ हजार ५ सय रुपैयाँ खर्च हुने अनुमान गरिएको क्याम्पस व्यवस्थापन समिति अध्यक्ष बासुदेव रिमालले बताए । बजेट व्यवस्थापनका लागि विश्वविद्यालय अनुदान आयोग, देवदह नगरपालिका, बुटवल उप-महानगरपालिका, तिलोत्तमा नगरपालिकालगायत विभिन्न संस्था तथा स्थानीय तहले आर्थिक सहयोग गरेको उनको भनाइ छ ।

पत्रकार भेटघाटमा सहायक क्याम्पस प्रमुख नविन श्रेष्ठ, क्याम्पसका क्युएए कोर्डिनेटर नारायण भण्डारीलगायतले सम्मेलनले क्याम्पसको शैक्षिक गुणस्तरमा थप सुधार ल्याउन भूमिका खेल्ने बताए ।

**जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।**

- जातीय भेदभाव तथा छुवाछुत मानव अधिकारको गम्भीर उल्लङ्घन हो ।
- यसको अन्त्य गरौं, सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,
- विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,
- दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,
- शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,
- हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू ।
- एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

**समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।**

नेपाल सरकार विज्ञापन बोर्ड

SHINE RESUNGA DEVELOPMENT BANK LTD.

**शाखा कार्यालय समायोजन तथा सेवा अवरुद्ध हुने सम्बन्धी सूचना**

मिति २०८३/०२/१६ गतेदेखि देहाय बमोजिमका शाखा कार्यालय तथा एक्सटेन्सन काउन्टर एक आपसमा समायोजन गरी समायोजन पश्चात् सञ्चालनमा रहने शाखा कार्यालयहरुबाट सम्पूर्ण बैंकिङ्ग सेवा प्रदान गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गर्दछौं ।

| सि.नं. | समायोजन हुने कार्यालय | समायोजन पश्चात सञ्चालनमा रहने शाखा कार्यालयहरु |
|---|---|---|
| १. | अमरपथ शाखा | बुटवल शाखा, ट्राफिकचोक |
| २. | उदिनढुङ्गा एक्सटेन्सन काउन्टर | तमघास शाखा |

साथै, शाखा समायोजन गर्ने प्रयोजनका लागि मिति २०८३/०२/१५ गते शुक्रवार राती १०:०० बजेदेखि मिति २०८३/०२/१६ गते बिहान ६:०० बजेसम्म बैंकको सम्पूर्ण डिजिटल बैंकिङ्ग सेवाहरु बन्द रहने व्यहोरा समेत अनुरोध गर्दछौं ।

यसबाट सेवाग्राही महानुभावहरुलाई पर्न जाने असुविधाप्रति क्षमाप्रार्थी छौं ।

**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४

KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत ५५ वर्षदेखि तपाईको सेवामा समर्पित

स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल

पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद विक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माफ्रगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com